

# ~ पैसा सम्बन्धि विभिन्न कुराहरु ~

## ● पाकेट खर्च

पाकेट खर्चको महत्त्वपूर्ण भूमिका भनेको बालबालिकाहरुलाई पैसाको मूल्य बारे सचेत गराउनुको साथै पैसाको राम्ररी सदुपयोग गर्न सिकाउनु हो। आफैले आफ्नो पैसाको व्यवस्थापन गर्दै, योजनाबद्ध ढंगमा किन्ने सामान बारे सोच्ने, समालेर राख्ने, र आफ्नो घरमा मद्दत गरेको बापत पुरस्कार स्वरुप दिएमा, "काम गरेर पैसा कमाउने" भन्ने सामाजिक संरचनाको बारेमा पनि सिक्दछन् ।

साथै, "दैनिक जीवन" मा किनमेल जस्ता पैसा चलाउने अवसरहरू सिर्जना गरेमा स्वाभाविक रूपमा गणित अध्ययन संग जोडिने, जापानी भाषा सिक्नमा पनि मद्दत गर्दछ।

जापानको प्राथमिक विद्यालयका विद्यार्थीहरूलाइ पाकेट खर्च स्वरुप प्रत्येक महिना निश्चित रकम दिइन्छ वा आवश्यक पर्दा दिइन्छ। दैनिक रुपमा आमाबाबु र बच्चाहरू पाकेट खर्च बारे कुराकानी गर्ने, पारिवारिक नियमहरू बनायो भने राम्रो हुन्छ।

## ● ट्युसन र अतिरिक्त क्लास

जापानमा प्राथमिक विद्यालयका धेरै विद्यार्थीहरू पौडी खेल्ने स्कूल, सुलेखन, सोरोबान, पियानो, फुटबल कक्षा आदि अतिरिक्त क्लास या भाषा अध्ययन कक्षा, थप अध्ययनको लागि ट्युसनमा जाने केसहरुपनि धेरै छन्। साथै, माथिल्लो ग्रेड बढ्दै जाँदा विद्यालय बाहेक अन्य बाहिरी अध्ययनमा अत्यधिक रुपमा लागत लाग्ने घर परिवार पनि छन्।







## ● विद्यालय पछि बालबालिका क्लब (学童保育 gakudouhoiku)

आमाबाबु दुवै काम गर्नेहरुको हकमा, स्कूल सके पछि बालबालिकाहरुले सुरक्षित・ढुक्कका साथ समय बिताउन सक्ने ठाउँको रुपमा प्रयोग गर्न सकिने सेन्टर छ। प्रयोग घण्टा र प्रयोग शुल्क सेन्टर अनुसार फरक हुने तर शुल्क भने लाग्दछ।

आफ्नो क्षेत्रमा कस्ता प्रकारका सेन्टरहरू उपलब्ध छन् भनेर पहिल्यै पत्ता लागाई राख्दा राम्रो हुन्छ।


**愛知教育大学外国人児童生徒支援リソースルーム**

〒448-8542　愛知県刈谷市井ケ谷町広沢1　TEL：0566-26-2219
e-mail：gendaigp@auecc.aichi-edu.ac.jp　FAX：0566-26-2566

愛知教育大学　リソースルーム



イラスト協力：古屋柚　森嶋純菜　山田優花



ネパール語版
नेपाली संस्करण

विदेशी परिवारहरुको लागि

# जापानको स्योउ-गाक्कोउ(प्राथमिकविद्यालय)मा भर्ना गर्नु अघि (शिक्षण कोष संस्करण)







## बचतको लागि सल्लाह ~बालबालिकाको भविष्यका लागि~

जापानमा धेरैजसो बालबालिकाहरु अनिवार्य शिक्षा पूरा गरे पछि अझै अध्ययनको लागि विद्यालय जाने गर्दछन्। उच्च माध्यामिक विद्यालय, विश्वविद्यालय वा प्राविधिक तथा व्यावसायिक विद्यालयमा अध्ययन गर्न र अध्ययन जारी राख्न धेरै पैसा लाग्दछ। के गर्दा हुन्छ? भनेर चिन्तित हुन स्वभाविक हो।

अध्ययनको लागि लागत रकम कति लाग्दछ भनेर चाँडै थाहा पाउने र तुलनात्मक रूपमा सस्तो प्राथमिक विद्यालय देखि नै प्रत्येक महिना अलि-अलि बचत गर्न सुरु गरौँ। विभिन्न प्रणालीहरू बारे जानकारी लिई, त्यसको राम्रो सदुपयोग गर्नु पनि एक उपाय हो। जापानीहरूले सार्वजनिक रूपमा पैसाको बचत बारे त्यति खुलेर कुरा गर्दैनन् । तर वास्तवमा आफ्नो बच्चाको भविष्यको लागि निरन्तर **"kotsukotsu"** (अलि-अलि) पैसा बचत गरिरहेका मानिसहरु धेरै छन्। आफ्नो बच्चाको सपना साकार बनाउन चाँडै बचत गर्न शुरु गरौँ !!


★「जीवनयापन संस्करण」「अध्ययन संस्करण」「शिक्षा प्रणाली संस्करण」 हेर्नुहोला।

# ～अनिवार्य शिक्षा निःशुल्क !? होइन !!～

जापानमा, सार्वजनिक प्राथमिक विद्यालय वा निम्न माध्यमिक विद्यालयमा पढ्दा "जो पनि नि:शुल्क विद्यालय जान सक्दछन्" भनिन्छ । तर त्यसो भन्दैमा विद्यालयको जीवनयापनको लागि एक येन पनि नलाग्ने भने होइन।


## ● प्राथमिक विद्यालयमा तयार गर्नु पर्ने कुराका उदाहरणहरू



### भर्ना हुनु अघि तयारी गर्नुपर्ने सामाग्रीहरु (उदाहरण)

| | |
|---|---|
| महँगो छ तर 6 वर्षको लागि प्रयोग गर्न सकिन्छ | लेन्डसेल (स्कूल ब्याग) |
| खेलकुद पोशाक, खेलकुद हलमा प्रयोग गरिने जुत्ता, कक्षा कोठा वा विद्यालय भवन भित्र लगाउने जुत्ता), रातो र सेतो टोपी आदि। | बच्चाको शारीरिक विकास अनुसार फेरि नयाँ किन्न आवश्यक छ। |

### नियमित रूपमा भुक्तानी गर्नु पर्ने (उदाहरण)



| | |
|---|---|
| विद्यालय खाना शुल्क, शिक्षण सामग्री शुल्क (आवश्यकतामा निर्भर)<br>बचत कोष (स्कूल बाहिर गर्ने अध्ययन र शैक्षिक भ्रमण आदि ग्रेड/कक्षा अनुसार फरक हुन्छ।)<br>आदि | खाताबाट कटौती गरिन्छ |

### अन्य खर्चहरू पनि छन् (उदाहरण)

| | |
|---|---|
| प्रयोग गरेर सके पछि नयाँ किन्ने | स्टेशनरी नोटबुक आदि। |
| रंग, सुलेखनको लागि आवश्यक सामाग्री, रेकर्डर "बांसुरी", किबोर्ड हार्मोनिका, सिलाई-बुनाईका सामान, कम्पास, स्विमिङ्ग सुट आदि। | विद्यालयले "किन्नुहोस्" भनेपछि किन्ने |

यसरी प्राथमिक विद्यालयमा जान पनि पैसा लाग्दछ। यद्यपि, बच्चाको भविष्यको लागि **प्राथमिक विद्यालय तहबाट नै पैसा बचत गर्न सल्लाह दिन्छौं !!**

## किनभने, निम्न माध्यमिक विद्यालय・उच्च माध्यमिक विद्यालय र कक्षा बढ्दै जाँदा अझ पैसाको आवश्यक पर्दछ ।

एक वर्षको लागि आवश्यक अध्ययन शुल्कको कुल रकम (※1)
(सार्वजनिक विद्यालयमा पढ्दा)

**प्राथमिक विद्यालय लगभग 320,000 येन**

**उल्लेखनीय वृद्धि !!**

**निम्न माध्यमिक विद्यालय लगभग 490,000 येन**
**उच्च माध्यमिक विद्यालय लगभग 460,000 येन**

(参照：平成30年度　子供の学習費調査　文部科学省)
※1 अध्ययन शुल्क भनेको विद्यालय शिक्षा शुल्क・विद्यालय खाजा शुल्क・अतिरिक्त क्रियाकलाप शुल्कको कुल रकम हो।

### आवश्यक सामाग्री बारे उदाहरणहरू

- ☐ स्कूल ड्रेस र स्कूल द्वारा तोकिएको खेलकुद लुगा
- ☐ विद्यालय जानको लागि साइकल
- ☐ रेल・बसबाट विद्यालय जानको लागि लाग्ने लागत
- ☐ क्लब गतिविधिहरूमा प्रयोग गरिने सामाग्री
- ☐ शैक्षिक भ्रमणका लागि रकम जम्मा
- ☐ हाई स्कूलका लागि शिक्षण शुल्क र पाठ्यपुस्तक शुल्क
- ☐ उच्च शिक्षाको लागि ट्युसन शुल्क
- ☐ प्रवेश परीक्षा दिन लाग्ने लागत (हाई स्कूल・विश्वविद्यालयमा थप अध्ययन)
- ☐ भर्ना शुल्क (हाई स्कूल・विश्वविद्यालयमा भर्ना हुँदा) आदि ।

त्यसो भए मेरो बच्चा स्कूल नगए पनि हुन्छ ...भनेर सजिलै नसोच्नुहोस्।

जापानमा विश्वविद्यालय र छोटो अवधिको कलेजहरूको भर्ना दर लगभग **58%**, प्राविधिक तथा व्यावसायिक विद्यालयहरू पनि जोडेमा लगभग **83%**को बालबालिकाहरु हाई स्कूल पास गरे पछि पनि अध्ययनलाइ निरन्तरता दिने गर्दछन्। (※2) एक पटक नौकरी वा आरुबाइतो (पार्ट-टाइम) को अनुभव गरेपछि विद्यार्थी जीवनमा फर्कने केसहरु थौरै छन्।

(※2　参照：18歳人口及び高等教育機関への入学者・進学率等の推移　文部科学省)

बच्चाहरूले पढाइलाई निरन्तरता दिन सक्नको लागि धेरै पैसा आवश्यक पर्ने तर यस प्रकारका सहयोग प्रणालीहरू पनि उपलब्ध छन्।

### 就学援助制度 (syuugakuenjyoseido)

就学援助制度▼

प्राथमिक विद्यालय・निम्न माध्यमिक विद्यालय...就学援助制度 (syuugakuenjyoseido)
हाई स्कूल आदि...高等学校等就学支援金制度 (koutougakkoutousyuugakusienkinseido)、
奨学給付金制度 (syougakukyuufukinseido)、
हाई स्कूल आदि छात्रवृति प्रणाली,
विश्वविद्यालय・प्राविधिक तथा व्यावसायिक विद्यालयहरू आदि... विभिन्न प्रकारका छात्रवृत्ति आदि

माथि उल्लेखित प्रणाली भए पनि बालबालिकाको भविष्यका लागि"kotsukotsu"(अलि-अलि) बचत गर्न सुझाव दिन्छौं।

पैसा बचत गरौं

